# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०३।१९ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला स्वास्थ्य कार्यालय, इलाम अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र, प्याङ्गमा अ.हे.व. पदमा कार्यरत दिपेन्द्रकुमार पैकराले मिति २०६६ साल मंसिर महिनादेखि कार्यालयको कामकाज छाडी विदा स्वीकृत नगरी वैदेशिक रोजगारीका लागि दक्षिण कोरिया गइ विदेशमा चार वर्ष रही पुनः नेपाल आइ जिल्ला स्वास्थ्य कार्यालय, रामेछापमा सरुवा गरी कामकाज गरिरहेको भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज दिपेन्द्रकुमार पैकराले EPS प्रणालीबाट दक्षिण कोरिया जान श्रम स्वीकृति प्राप्त गरी २०६६ मंसिर देखी २०७१।०४।०७ गते सम्म वैदेशिक रोजगारीका लागि दक्षिण कोरिया गई काम गरेको लामो अवधि सम्म हाडजोर्नी सम्बन्धी समस्या रहेकोले विदा स्वीकृत गरीपाउँ भनी झुट्टा विवरण उल्लेख गरी निवेदन तयार गरी सरकारी ओहदामा बहाल रहने उद्धेश्यले जिल्ला स्वास्थ्य कार्यालय गरेको तथ्य पुष्टी भएको देखिन आएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर देखिएकोले निजलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन र निजले आफू विदेशमा रही कार्यालयमा हाजिर नभएको अवस्थाको तलव भत्ता रु.३,४२,७५०।-(तीन लाख बयालीस हजार सात सय पचास) भुक्तानी लिने कार्य गरी सार्वजनिक सम्पत्तिको हानीनोक्सानी तथा दुरुपयोग गरेको देखिन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१) को देहाय (घ) बमोजिम जरिवाना तथा कैद सजाय हुन तथा दफा १७ बमोजिम निजले हानीनोक्सानी गरेको बिगो रु.३,४२,७५०।-(तीन लाख बयालीस हजार सात सय पचास) निजबाट असुल उपर हुन साथै तत्कालीन समयमा पाटन अस्पतालमा कार्यरत डा. लक्ष्मीप्रसाद मैनालीले नेपालमा नभई दक्षिण कोरियामा रहेका निज दिपेन्द्रकुमार पैकरा आफूकहाँ उपचार गराईरहेको भनी दिपेन्द्र कुमार पैकराले दिएका झुट्टा निवेदन पत्र स्वीकृतीका लागि आवश्यक प्रमाणको रुपमा रहने सिफारीस पत्र तयार गरी झुट्टा विवरण उल्लेख गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरको मतियारको भूमिका निर्वाह गरेको देखिएकोले निज डा.लक्ष्मी प्रसाद मैनालीलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २२ को कसुरमा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६(१) बमोजिम हुने सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २२ बमोजिम सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(मदन कोइराला)
सहायक प्रवक्ता एवं सूचना अधिकारी